आर्थिक वर्ष २०८३/८४ को

# बजेट वक्तव्य

मरिण गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली

वागमती प्रदेश

**श्रद्धेय सभाध्यक्ष महोदय,**
**गाउँसभाका सदस्यज्यूहरु,**

१. समृद्ध मरिण निर्माणको सोचलाई साकार पार्न आर्थिक बर्ष २०८३/८४ को नीति तथा कार्यक्रमलाई बजेट मार्फत व्यवहारिक रुपमा कार्यान्वयमा ल्याउन नेपालको संविधानको धारा २३० बमोजिम यस सम्मानित गाउँसभा समक्ष मरिण गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को अनुमानित आय र व्ययको विवरण प्रस्तुत गरिरहँदा अत्यन्त गर्वको अनुभुति गरिरहेको छु ।

२. यस गौरवपूर्ण अवसरमा नेपाली जनताको स्वतन्त्रता, अमनचैन र अधिकार प्राप्तिका लागि विभिन्न कालखण्डमा प्राण आहुति दिनुभएका सम्पूर्ण ज्ञात-अज्ञात वीर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। युद्धमा घाइते तथा वेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्दै समसामयिक राजनीतिक तथा सामाजिक परिवर्तनमा योगदान पुर्याउने अग्रजहरू प्रति हार्दिक आदर व्यक्त गर्दछु।

३. नेपालको संविधान, राष्ट्रिय आवधिक योजना, प्रदेशको आवधिक योजना, पालिकाको आवधिक योजना, नेपाल सरकारले तर्जुमा गरेको आर्थिक वर्ष २०८३/८४ को बजेट, बागमती प्रदेश सरकारले सम्मानित सभामा पेश गरेको आर्थिक बर्ष २०८३/८४ को बजेट, यस पालिकाको बार्षिक नीति तथा कार्यक्रम, विनियोजन विधेयक, राजनैतिक दल, विषयगत समिति, गाउँसभा सदस्यहरु, सञ्चार जगत, नागरिक समाज एवं सरोकारवालाहरुको सुझाव तथा पालिकाबासी दाजुभाइ तथा दीदीबहीनिहरुबाट प्राप्त महत्वपूर्ण सुझावहरुलाई आत्मासाथ गरि आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा गरेको छु ।

४. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा मैले गहन जिम्मेवारीको अनुभूति गरेको छु। मरिण गाउँपालिकाको समृद्धि यात्रामा सघाउ पु¥याउने दृढ उद्देश्यसहित प्रस्तुत बजेट तथा कार्यक्रम सभाबाट स्वीकृत भई कार्यान्वयनमा जाओस् भन्ने कामना गर्दै म यस सम्मानित सभामा बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु।

**श्रद्धेय सभाध्यक्ष महोदय,**
**गाउँसभा सदस्यज्यूहरु,**

सर्वप्रथम अव म चालु आर्थिक बर्ष २०८२/८३ को वार्षिक कार्यक्रमको समीक्षा गर्न अनुमति चाहन्छु ।

**<u>अम्दानी तर्फः</u>**

५. चालु आर्थिक बर्ष २०८२/८३ मा रु. ७६ करोड १३ लाख ७८ हजार ८ सय आय अनुमान गरिएकोमा हालसम्म ५० करोड २९ लाख ५६ हजार आम्दानी भएको छ । जुन आय अनुमानको तुलानामा हालसम्म ६७ प्रतिशत आम्दानी हुन आउछ । यस हेर्दा आय अनुमानको तुलनामा बास्तविक रुपमा आय तथा राजश्व प्राप्त नहुँदा योजना कार्यान्वयमा बाधा पुग्ने देखिन्छ ।

<u>आन्तरिक आम्दानी तर्फः</u>

६. मरिण गाउँपालिकाको आन्तरिक स्रोत ६ करोड ७८ लाख ५४ हजार ७ सय अनुमान गरिएकोमा हालसम्म आन्तरिक स्रोतबाट ३ करोड ८६ हजार ८ सय ३३ आम्दानी भएको छ । जुन लक्ष्यको ४८ प्रतिशत हुन आउछ । यस बर्ष मरिण गाउँपालिकाले लिएको लक्ष्य अनुरुप अपेक्षित राजश्व संकलन हुन नसकेको व्यहोरा जानकारी गराउँदछु ।

<u>विनियोजन तर्फः</u>

७. चालु आर्थिक वर्ष २०८२/०८३ को लागि गाउँपालिकाबाट कुल रु. ७६ करोड १३ लाख ७८ हजार ८ सय विनियोजित भएको थियो । विनियोजन बजेट मध्ये हालसम्म चालु तर्फ ३० करोड ३६ लाख ४४ हजार र पुँजीगत तर्फ रु. ९ करोड ३ लाख ६२ हजार खर्च हुन आउछ । साथै यस गाउँपालिकाको समग्र वित्तीय प्रगति रु. ३९ करोड ४० लाख ६ हजार हुन आउछ, जुन ५२ प्रतिशत हुन आउँछ ।

**श्रद्धेय सभाध्यक्ष महोदय,**
**गाउँसभाका सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक बर्ष २०८३/०८४ को कुल आय र व्ययको अनुमानित विवरण यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

८. आर्थिक वर्ष २०८३/८४ को प्रस्तावित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि कुल ७६ करोड १७ लाख ५ हजार आय र व्ययको अनुमान गरेको छु । यसका लागि आन्तरिक आय तर्फ रु. ९ करोड ८३ लाख ४१ हजार ८ सय ४०, अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट रु. ४९ करोड ७४ लाख १९ हजार, संघीय तथा प्रदेश सरकारको राजश्व बाँडफाँडबाट रु. १६ करोड ५९ लाख ४४ हजार १ सय ६० मात्र रहने प्रक्षेपण गरेको छु ।

**श्रद्धेय सभाध्यक्ष महोदय,**
**गाउँसभाका सदस्यज्यूहरु,**

अब म प्रस्तावित कुल ७६ करोड १७ लाख ५ हजार विनियोजन विवरण प्रस्तुत गर्न चाहन्छु ।

९. विनियोजन बजेट मध्ये पुँजीगत खर्च तर्फ रु. २४ करोड ९८ लाख ४८ हजार र चालु तर्फ रु. ५१ करोड १८ लाख ५७ हजार विभिन्न शीर्षकमा बजेट व्यवस्था गरेको छु ।

१०. नेपाल सरकार सशर्त अनुदान तर्फ चालु खर्च रु. २४ करोड १० लाख, पुँजीगत खर्च ६ करोड ८ लाख गरि कुल ३० करोड १८ लाख र प्रदेश सरकार सशर्त अनुदान तर्फ चालु खर्च रु. ३६ लाख ५० हजार, पुँजीगत खर्च रु. ६० लाख गरि कुल जम्मा रु. ९६ लाख ५० हजार तय भए बमोजिम खर्च गरिनेछ ।

११. पालिकाको रणनैतिक महत्वका पूर्वाधार निर्माण गर्न नेपाल सरकारबाट समपुरक अनुदान तर्फ रु. २ करोड ६३ लाख र बागमती प्रदेश सरकारबाट समपुरक अनुदान तर्फ रु. २ करोड ४० गरि जम्मा रु. ५ करोड ३ लाखमा पालिकाको तर्फबाट उक्त योजनाहरुको कार्यान्वयन तथा अन्य साझेदारी योजना र कार्यक्रम गर्नको लागि समपुरक कोषमा ३ करोड ३५ लाख विनियोजन गरेको छु ।

१२. नेपाल सरकारबाट हस्तान्तरित विशेष अनुदान तर्फ प्राप्त रु. १ करोड रकमबाट शैक्षिक गुणस्तर अभिवृद्धिका लागि बालमैत्री फर्निचर, अतिरिक्त कक्षा सञ्चालन र प्रविधिमैत्री कक्षा कोठा व्यवस्थापन गर्नुका साथै बागमती प्रदेश सरकार हस्तान्तरित विशेष अनुदान तर्फ प्राप्त रु. ७० लाख रकमबाट वरुण वृहत खानेपानी आयोजना सम्पन्न गर्न आवश्यक प्रवन्ध मिलाएको छु ।

१३. यस गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा विभिन्न विषयगत कार्यालय समेतको लागि  कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ रु. १५ करोड ९६ लाख ५ हजार विनियोजन गरेको छु । यसैगरि हरेक वडाहरुको समानुपातिक विकास गर्नको लागि जम्मा रु. ३ करोड ५० लाख विनियोजन गरेको छु ।

१४. आर्थिक वर्ष २०८२/८३ मा कार्य सम्पन्न भई स्रोतको भुक्तानी हुन नसकी दायित्व सिर्जना भई आएका योजना तथा कार्यक्रमहरुको भुक्तानीको लागि भुक्तानी दायित्व रु. २ करोड तथा आ.व. २०८२/८३ मा निर्माण सम्पन्न हुन नसकेका वा म्याद थप भएका भौतिक पूर्वाधारका योजनाहरु समय नै सम्पन्न गर्नका लागि एकमुष्ठ रु. २ करोड ५० लाख विनियोजन गरेको छु ।

१५. मरिण शिक्षा विकास योजना अनुरुप सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार, शिक्षक तथा विद्यालय कर्मचारीको क्षमता विकास, भौतिक पूर्वाधारको सुधार, स्वच्छ खानेपानीको व्यवस्था, सौचालयको व्यवस्था, प्रविधिमैत्री तथा विद्यार्थी मैत्री कक्षाकोठा व्यवस्था र विद्यार्थीहरूलाई शैक्षिक अवसर प्रदान लगायतका क्रियाकलापहरु सञ्चालन गर्न शिक्षा क्षेत्रमा रु. ४ करोड बजेट विनियोजन गरेको छु ।

१६. गाउँपालिका अनुदानमा कार्यरत शिक्षा तथा पालिकाबाट स्थापित १९ बालविकास केन्द्रमा कार्यरत बालविकास शिक्षकको मासिक पारिश्रमिकमा रु. २ हजार र संघीय बालविकास तथा विद्यालय कर्मचारीलाई दिईदै आएको मासिक प्रोत्साहनमा रु. १ हजार वृद्धि गरेको छु ।

१७. कक्षा ८ तथा **SEE** को नतिजामा सर्वोकृष्ठ **GPA** ल्याउने विद्यार्थीलाई पुरस्कृत गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

१८. आवासीय विद्यालयलाई प्रवर्द्धन, गरिव, जेहेन्दार तथा विपन्न विद्यार्थीको लागि छात्रावृद्धि, शैक्षिक सामग्री तथा विद्यालयको दिवा खाजा लगायतका कार्यक्रमलाई उच्च प्राथमिकता दिई बजेट विनियोजन गरेको छु ।

१९. खेलकुद क्षेत्रको विकासको लागि पूर्वाधार निर्माण गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु । साथै विद्यालय तह देखि नै खेल प्रतिभा प्रष्फुटनको अवसर प्रदान गर्न राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, अध्यक्षकप प्रतियोगिता, मरिण गोल्डकप, भलिवल, क्रिकेट, कराते लगायतका खेलको पालिका स्तरीय प्रतियोगिता सञ्चालनको लागि रु. ३५ लाख बजेट विनियोजन गरेको छु ।

२०. आन्तरिक तथा वाह्य पर्यटकलाई प्रवर्द्धन गर्न मुख्य पर्यटकीय क्षेत्रको विकास तथा विभिन्न जातजाति, धर्म, संस्कृति, भाषिक तथा सामाजिक विविधतालाई संरक्षण, सम्बर्द्धन गर्दै गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका संरचना र स्थानको विकास, विस्तार र संरक्षणका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२१. विपद्को पूर्वतयारी, विपद् प्रतिकार्य तथा विपद् जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन, राहत वितरण, पुर्नस्थापना जस्ता कार्यहरुको लागि विपद् तथा प्रकोप व्यवस्थापन कोषमा रकम रु. ३० लाख बजेट व्यवस्था गरेको छु ।

२२. लैङ्गिक शसक्तीकरण तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्न दलित, महिला, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, पिछडीयको वर्ग तथा सिमान्तकृत वर्ग समुदायको लागि सीप तथा क्षमता विकास, प्रविधि हस्तान्तरण, बालमैत्री कार्यक्रम र लागु पदार्थ विरुद्धको सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न रु. २० लाख बजेट विनियोजन गरेको छु ।

२३. गाउँपालिकाभित्र ऐलानी जग्गामा बसोबास गर्दै आएका भूमिहीन दलित, भुमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासीहरुले लामो समय देखि भोगचलन गर्दै आइरहेको जग्गाहरु नापि नक्सा सम्पन्न गरि जग्गा धनीप्रमाण पुर्जा वितरण कार्यको लागि रु.२० लाख बजेट विनियोजन गरेको छु।

२४. न्यायिक समितिको भूमिकालाई प्रभावकारी वनाउन न्यायिक समितिका सदस्य तथा मेलमिलापकर्ताहरुलाई आवश्यक तालिम, मेलमिलाप केन्द्र प्रोत्साहनका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

२५. सहकारी क्षेत्र प्रवर्द्धन गर्न, सहकारी संस्थाको सवलीकरण, नियमन तथा एकिकरण प्रोत्साहनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

२६. सार्वजनिक सेवालाई पारदर्शी, मितव्ययी, जनउत्तरदायी, जवाफदेही बनाउदै भष्ट्राचार विरुद्धको शुन्य सहनशीलताको नीतिलाई कार्यान्वयन गर्न सार्वजनिक सेवामा सूचना प्रविधिको अधिकतम उपयोग मार्फत सेवा प्रवाह गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२७. वातावरणमैत्री, जलवायु परिवर्तन अनुकुलित, दिगो विकासको लक्ष्य हासिल हुने किसिमका कार्यक्रमहरुलाई उच्च प्राथमिकता दिइ बजेट व्यवस्था गरेको छु ।

२८. आन्तरिक रोजगारी प्रवर्द्धन गर्नका लागि राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालनमा साझेदारी गर्न, सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालन गर्न, रोजगार सम्बाद मञ्च सञ्चालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२९. कृषि तथा पशुपंक्षीजन्य उत्पादन तथा प्रवर्द्धन गर्न पूर्वाधारको निर्माण, सीप विकास तालिम, प्रविधि हस्तान्तरण, उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिदै कृषि क्षेत्रको व्यवसायीकरण, बजारीकरण, यान्त्रिकीकरण गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

३०. व्यवसायिक पशु प्रवर्द्धन, दुग्धजन्य पदार्थमा आधारित बहुबर्षिय घाँस खेति, बाख्रा प्रवर्द्धन, भैसी प्रवर्द्धन, पशुहरुमा प्रजनन् व्यवस्थापन तथा नश्लसुधार कार्यक्रम, व्यवसायिक पशुपालन तालिम, पशुपंक्षीहरुको प्राथमिक उपचार लगायतका कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३१. स्वास्थ्यमा सबैको समान पहुँच अभिवृद्धि गर्न, औषधि तथा स्वास्थ्य सामाग्री व्यवस्थापन, निःशुल्क भिडियो एक्सरे तथा ल्याव परीक्षण, आयुर्वेद सेवा लगायत समग्र स्वास्थ्य क्षेत्रको सुधार तथा विकासको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न रु. १ करोड १५ लाख बजेट विनियोजन गरेको छु ।

३२. स्थानीय तहमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्नको लागि पालिका अन्तर्गत निर्माणाधीन १५ शैंया आधारभूत अस्पतालको भौतिक संरचना निर्माण तथा व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३३. खानेपानी र सरसफाइमा स्वच्छ, सुरक्षित पानीको पहुँच अभिवृद्धि, वातावरण तथा सरसफाइ सम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

३४. यस गाउँपालिकाको कार्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाको कर्मचारीहरुको संघीय सरकारले वनाएको नियम तथा अन्य समाजिक सुरक्षा सम्बन्धी कानूनको अधिनमा रही सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न रु. ५२ लाख बजेट व्यवस्था गरेको छु ।

३५. यस गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत प्राविधिक (इन्जिनियरिङ, कृषि, पशु) तथा अन्य कर्मचारीहरुलाई कार्य सम्पादन, कार्यबोझ र अतिरिक्त समयको कामको आधारमा कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको नीति कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३६. सार्वजनिक सेवालाई थप प्रभावकारी वनाउन राष्ट्रसेवक कर्मचारी तथा शिक्षकहरुको लागि नेपाल सरकारले वृद्धि गरे बमोजिम पारिश्रमिक भुक्तानीको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

३७. उल्लिखित विषयगत बजेट तथा कार्यक्रमहरु, अनुमानित आय व्ययको विवरण विस्तृत रुपमा अनुसूचीमा उल्लेख गरेको छु ।

**श्रद्धेय सभाध्यक्ष महोदय,**
**गाउँसभाका सदस्यज्यूहरु,**

३८. हाम्रा आवश्यकताहरु असीमित छन् तर स्रोत र साधनहरु सीमित छन् । सीमित स्रोत र साधनबाट समग्र मरिणवासीको चाहना एवं विकासलाई सम्बोधन गर्न आफैंमा चूनौतिपूर्ण छ । त्यसैले सीमित स्रोत र साधनलाई प्राथमिकतापूर्वक परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हाम्रो आवश्यकता र वाध्यता रहेको छ । सम्मानित सभा समक्ष प्रस्तावित बार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयन पश्चात गाउँपालिकाको आर्थिक, सामाजिक,

भौतिक अवस्थामा उल्लेख्य सुधार भई नागरिकको जीवनस्तरमा सुधार हुने विश्वास गरिएको छ। नीति तथा कार्यक्रमको कार्यान्वयनमा स्थानीय सरकारलाई अपेक्षित सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दै सभाका सम्पूर्ण सदस्यज्यूहरुको सहयोग र सहकार्यको पूर्ण सहयोगको आशा लिएको छु ।

३९. प्रस्तुत बजेट तर्जुमा गर्ने क्रममा प्रत्यक्ष तथा परोक्ष्य रुपमा सहयोग गर्नुहुने पालिका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, विभिन्न विषयगत समिति तथा अन्य समितिहरु, राजनितिक दलका प्रतिनिधि तथा राजनितिज्ञ, नागरिक समाज एवं विकास सहयात्री, अहोरात्र खटिनुहुने पालिकाका राष्ट्रसेवक कर्मचारीहरु, संचार जगत लगायतका पालिकाबासी दाजुभाई तथा दीदीबहीनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै सदाझै बजेट कार्यान्वयनको लागि सबैको सिर्जनशील र रचनात्मक सहयोग र साथ रहने अपेक्षा गरेको छु ।

धन्यवाद !!!

मितिः २०८३ असार ७

विमला माझी
उपाध्यक्ष
मरिण गाउँपालिका, सिन्धुली